# ठूला पार्टीको छायाँमा राप्रपा महाधिवेशन



■ सौर्य समाचार

काठमाडौं । देशको सबैभन्दा ठूलो दल नेकपा एमाले, दोस्रो ठूलो कांग्रेसको महाधिवेशन र तेस्रो दल माओवादी केन्द्रको राष्ट्रिय सम्मेलनको छायाँमा राप्रपा महाधिवेशन परेको छ ।

एमाले, कांग्रेस र माओवादीभन्दा पहिले नै महाधिवेशन हुन लागेको राप्रपा आकारको हिसाबले सानो भएकाले पनि उसका गतिविधिले राष्ट्रिय महत्व पाएका छैनन् । तर, पञ्चायत राजनीतिको विरासत बोक्ने राप्रपामा समेत जिल्ला तथा स्थानीय तहमा तीव्र प्रतिस्पर्धाबाट नेतृत्व चयन भइरहेको छ । कात्तिक २७ देखि ३० गतेसम्म हुने राप्रपा महाधिवेशनको पूर्वसन्ध्यामा भएका जिल्लाअधिवेशनहरूमध्ये कतिपयमा सर्वसम्मत र अन्य ठाउँमा निर्वाचनबाट नयाँ नेतृत्व चयन भएको केन्द्रीय कार्यसम्पादन समिति सदस्य मोहन श्रेष्ठले जानकारी दिए । राप्रपाले २० गतेसम्म जिल्ला अधिवेशन सम्पन्न गरिसक्नुपर्ने र २५ गतेसम्म सक्रिय सदस्यता फाराम बुझाइ सक्नुपर्ने निर्देशन तल्ला कमिटीमा पठाएको छ ।

हालसम्म ४६ जिल्लामा नयाँ नेतृत्व निर्वाचित भइसकेको छ भने पर्सा, जुम्ला, गोरखा, महोत्तरी र रामेछाप जिल्लाको निर्वाचन विवादित भएको छ । राप्रपाका निर्वाचित अध्यक्षमध्ये कमल थापानिकट धेरै आएका छन् भने पशुपतिशमसेर जबरा, प्रकाशचन्द्र लोहनी र अब नयाँ पुस्ताको अध्यक्ष हुनुपर्छ भन्ने धारबाट समेत अध्यक्ष निर्वाचित भएका छन् ।

# पस्नै नसकिने काठमाडौंका सार्वजनिक शौचालय

■ सौर्य समाचार

काठमाडौं । रत्नपार्क बस बिसौनी नजिकै रहेको सार्वजनिक शौचालयमा सधैं घुइँचो लाग्छ । बस चढ्ने यात्रु, पैदल यात्रुसहित वरिपरिका पसलेहरूले नियमित प्रयोग गर्ने यो शौचालय बिहान ६ देखि बेलुका ८ बजेसम्म खुल्छ ।

रत्नपार्कमा कपडा पसल सञ्चालन गर्दै आएका सुमन दंगाल यो सार्वजनिक शौचालय प्रयोग गर्नु बाध्यता रहेको बताउँछन् । भाडामा चलेका सटरहरुका लागि छुट्टै शौचालय नहुँदा उनीलगायत रत्नपार्क वरपर पसल-व्यवसाय गर्ने सबै यही शौचालय प्रयोग गर्न बाध्य छन् ।

'नजिकै अर्को चर्पी नभएकाले पैसा तिरेर यही शौचालय प्रयोग गर्छौं' उनले भने, 'पानी निकै फोहोर भएको दिनमात्र खाजा खाने ठाउँको शौचालय जान्छौं नत्र यसैबाट काम चलाउँछौं ।'

रत्नपार्कबाट अलि तल पुरानो बसपार्कनिर भएको शौचालय भने अद्वैतमार्ग भएर हिँड्नेहरुले बढी प्रयोग गर्छन् । यो शौचालय पनि निकै जीर्ण, साँघुरो र फोहोर छ । यता भृकुटीमण्डपको गेटनिरै (प्रदर्शनीमार्ग) तथा भृकुटीमण्डप




परिसरभित्र दुईवटा गरी त्यस क्षेत्रमा तीनवटा सार्वजनिक शौचालय छन् । भृकुटीमण्डप गेटनिरको शौचालय ठीकठीकै भएपनि भित्रको शौचालय निकै फोहोर छ । पानी चुहिने पुरानो घरमा रहेको उक्त शौचालयबाट दुर्गन्ध फैलिने वरपरका पसल सञ्चालकहरु बताउँछन् ।

बर्खाको बेला यहाँ पानी जम्ने भएकाले लडिने जोखिम छ । केटाकेटी तथा वृद्धवृद्धा शौचालय पस्न नसक्ने अवस्था छ ।

काठमाडौंको अर्को निकै व्यस्त सार्वजनिक शौचालयमा नयाँ बानेश्वरमा छ । नयाँ भवनमा बनेको शौचालय भएपनि यहाँको व्यवस्थापन कमजोर छ । जीवन लामा मंगलबार साँझ यो शौचालयमा हात धुन नपाएको गुनासो गरिरहेका थिए । शौचालय पसेर निस्कँदा उनले हात पखाल्ने पानी नै पाएनन् ।

## सकियो नेपाल-भारतबीच संयुक्त सैनिक अभ्यास

■ सौर्य समाचार

काठमाडौं । भारतको पिथौरागढमा सञ्चालित 'एक्स सूर्य किरण' पन्ध्रौं समूहको नेपाल-भारत गणस्तरीय संयुक्त सैनिक अभ्यास सम्पन्न भएको छ । नेपाली सेनाका प्रमुख सेनानीको नेतृत्वमा ३०० र भारतीय सेनाका ४०० जना फौजको सहभागिता रहेको उक्त अभ्यास यही असोज ४ देखि १६ गतेसम्म भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सैनिक युद्धकला, प्राकृतिक प्रकोप एवं कोभिड-१९ महामारीजस्ता विपद्का बेला सुरक्षा फौजको भूमिकाको व्यावहारिक अभ्यासका साथै सहभागी फौजले आ-आफ्नो पेशागत अनुभवसमेत अभ्यासका क्रममा साटासाट भएको थियो ।

भारतीय सेना मध्य कमाण्ड सेनापति रथी एसएस महलद्वारा शनिबार अन्तिम प्रवचन भएको उक्त अभ्यास समापन समारोहमा नेपाली सेनाको मध्य कमाण्ड सेनापति उपरथी विनयविक्रम राणा, ३ नम्बर बाहिनी अड्डाका बाहिनीपति सहायक रथी कुमारबाबु थापा तथा नेपाल र भारतका सैनिक सहचारीलगायत सहभागी रहेको सेनाले जनाएको छ । संयुक्त सैनिक अभ्यासले दुई देशबीचको मैत्रीपूर्ण पारस्परिक सम्बन्धलाई थप प्रगाढ तुल्याउन तथा सकल दर्जामा आधारभूत सैनिक सीपको विकास एवं आपसी समझदारी बढाउन योगदान पुग्ने नेपाली सेनाले विश्वास लिएको छ ।

## कुनै...

हुन्छन्, त्यति पार्टी संगठन बलियो र मजबुत हुन्छ ।' तर, त्यस्तो नभएकोप्रति उनको चिन्ता छ । कांग्रेसमा अनुशासनहीनता देखिने निर्वाचनको समयमा हो । पार्टीकै आधिकारिक उम्मेदवारविरुद्ध बागी उठ्ने चलन सामान्य जस्तै छ । मत पनि प्रतिस्पर्धी उम्मेदवारलाई दिने पनि हुने गरेको कांग्रेसकै अनुशासन समितिले जनाएको छ । जसलाई अन्तर्घात भनिँदै आएको छ । सभापति पदमा उम्मेदवारी घोषणा गरेकामध्येका नेता गोपालमान श्रेष्ठका अनुसार पार्टीमा अन्तर्घातको सुरुवातकर्ता गिरिजाप्रसाद कोइराला हुन् । जसले आफ्नै पार्टी कांग्रेसका उम्मेदवार कृष्णप्रसाद भट्टराई हराउन एमाले उम्मेदवार विद्यादेवी भण्डारीलाई मत दिन आह्वान गरेर अन्ततः पराजित गराएर छाडेको श्रेष्ठ बताउँछन् । यसरी सुरु भएको अन्तर्घात हाल कांग्रेसमा व्याप्त छ । यसलाई हटाउनु १४औं सभापतिको दायित्व छ ।

तर, राजनीतिक विश्लेषक डा.दाहाल भन्छन्, 'अहिले जति सभापति पदमा दाबेदार देखिए, उनीहरू औंल्याएका दायित्वहरू निर्वाह गर्न सक्ने क्षमताका देखिन्नन् ।' वर्तमान सभापति देउवामा पनि क्षमता नदेखिएको उनको टिप्पणी छ । १४औं महाधिवेशनमा सभापतिको दौडमा श्रेष्ठ, विमलेन्द्र निधि र कल्याणकुमार गुरुङ देखिएका छन् । देउवासहित पौडेल, कोइराला, सिंहलगायतका नेताहरू पनि सभापति पदको दौडमा देखिने भएका छन् । यी अनुहारहरूबाट सक्षम, सबल र सुदृढ कांग्रेस बनाउन गर्नुपर्ने दायित्वहरू पूरा नहुने डा.दाहालको ठम्याइ छ ।

## यात्रुले...

जथाभावी भाडा बढाउने अधिकार छैन', एसपी शर्माले भने, ' हामीले धमाधम कारबाही गरेका छौं । १ दिनमा ६५ वटा गाडी होल्ड गरेका छौं ।' ट्राफिक प्रहरीले यात्रुको सूचना र अनुगमन गर्दा बढी भाडा लिनेलाई कारबाही गरेको बताएको छ । 'एक सिफ्टमा ४० जना प्रहरीलाई अनुगमनमा खटाएका छौं', उनले भने, 'चिट काट्न खोज्दा कागजपत्र नदिनेका गाडी होल्ड गरिदिएका हौं ।' जबसम्म बढी भाडा लिन्छन् तबसम्म निरन्तर कारबाही जारी रहने एसपी शर्माले बताए । सार्वजनिक केन्द्रीय महासंघका महासचिव भरत नेपालले प्रहरीले सबै गाडी समाए पनि भाडा समायोजन गरेरै लिने बताए । 'मर्ता क्या नै कर्ता भनेझैं हामी अहिलेको अवस्थामा टिक्न सक्दैनौं', नेपालले भने, 'पुरानो भाडादरमा गाडी गुडाउँदा खर्च उठ्दैन कसरी चलाउने ?'

## तार...

सेवा प्रदायक संघ नेपाल, दूरसञ्चार प्राधिकरणको छलफलमा विद्युत् प्राधिकरणबीच छलफल हुने भएको थियो । तर, प्राधिकरण छलफलमा आएन । सिधै तार काट्ने निर्णय लियो । यो दण्डनीय छ, यसको भागीदार विद्युत् प्राधिकरण नै हुनुपर्छ,' उनले भने । दूरसञ्चारले विरोध जनाउँदै सूचना पनि जारी गरेको छ । इन्टरनेट प्रदायहरू आन्दोलनमा उत्रिएका छन् । काठमाडौं, मोरङ, धरान, ताप्लेजुङ, कैलाली, रुपन्देही, चितवनलगायत जिल्लाहरूमा इन्टरनेटका तार काटिँदा इन्टरनेट सेवा अवरुद्ध भएको दूरसञ्चार प्राधिकरणले जनाएको छ । विद्युत् प्राधिकरणले तीनपटक सार्वजनिक सूचना जारी गर्दै यही असोज १५ गतेभित्र प्राधिकरणले बढाएको पोलको भाडा तिर्न पत्राचार गरेको थियो । उक्त सूचनाअनुसार पोलको भाडा नतिरे तार काट्ने चेतावनीबमोजिम शनिबारदेखि तार काट्न सुरु गरेको थियो ।

कम्प्युटर एसोसिएसन नेपाल महासंघले पोलको बढेको भाडादरका आधारमा ग्राहकलाई १५० देखि ३०० रुपैयाँसम्म शुल्क बढ्ने जनाएको छ । महासंघका महासचिव नारायण थापाले प्रत्यक्ष रूपमा ग्राहकलाई समस्यामा पार्ने काम गरिएको बताए । उनले भने, 'सर्वसाधारणसँग जोडिएको सेवा प्रदायकलाई प्राधिकरणबीचको छलफलले टुंगोमा पुग्नुपर्ने थियो । तर, प्राधिकरणले छलफल नै गर्न मानेन । प्राधिकरणले सहरी क्षेत्रमा ७५० र ग्रामीण क्षेत्रमा ६०० रुपैयाँसम्म पोलको भाडादर बढायो । यो भाडादर २०७३ सालमा प्राधिकरणले कायम गरेको पोलको भाडाको सात गुणा बढी हो । पहिले गाउँपालिका, नगरपालिका, महानगरपालिका र उपमहानगरपालिका गरी ५० रुपैयाँदेखि २५० रुपैयाँसम्म पोलको भाडा थियो ।'

## दशौं...

भएको भन्दै आन्दोलनलाई बलियो बनाउन नयाँ अठोट र संकल्पका साथ अघि बढ्न बाटो खुलेको बताए । नेकपा एमालेले १५ सदस्यीय केन्द्रीय निर्वाचन आयोग बनाएको छ । जारी प्रथम विधान महाधिवेशनले विजय सुब्बाको अध्यक्षतामा १५ सदस्यीय आयोग सर्वसम्मत चयन गरेको हो । आयोगको सदस्यमा महेश नेपाल, सानुराज पोखरेल, बाबुराम दाहाल, डा.कुन्सान लामा, रिता सिंखडा, रज्जु ठाकुर, भरत पोखरेल ,टंक उप्रेती, सुमित्रा वीसी, पवित्रा निरौला, केवालाल चौधरी, विमला विक, लोकबहादुर थापा, र हिमकला गैरे रहेका छन् । एमालेको विधान अधिवेशनले पार्टीको लोगोमा परिमार्जन गरेको छ । महाधिवेशनबाट पार्टीले यसअघि प्रयोग गर्दै आएको लागोमा परिमार्जन गरेको हो । अब एमालेको लोगोमा रातो पृष्ठभूमिमा सूर्यभित्र सुनौला रंगको हँसिया हथौडा रहने उपमहासचिव विष्णु पौडेलले जानकारी दिए । यसअघि एमालेको लोगोमा सूर्यभित्र सीपीएन युएमल बीचमा सानो आकारको हँसिया हथौडा थियो । अब यो लोगो नै पार्टीको आधिकारिक हुने पौडेलले बताए ।

अधिवेशनले ७० वर्षे उमेर हद कायम राख्दै त्यसको थप व्याख्या गरेको छ । ७० वर्ष पूरा भएपछि कार्यकारी पदबाट बिदा हुने कि नहुने भन्ने विधान महाधिवेशनका सहभागीहरूको प्रश्नको जवाफ दिँदै उपमहासचिव विष्णु पौडेलले ७० वर्ष पूरा नहुँदसम्म कुनै पनि पदमा उम्मेदवार बन्न पाउने बताए । कुनै व्यक्ति कार्यकारी पदमा निर्वाचित भएपछि बीचमै ७० वर्ष पुगेमा पनि उसले सो कार्यकाल भरी जिम्मेवारी निर्वाह गर्ने पौडेलले जानकारी दिए । उदाहरणका लागि अध्यक्ष केपी शर्मा ओली फेरि अध्यक्ष निर्वाचित भएमा यसबीचमा ७० वर्ष पूरा भए पनि उनले पूरै ५ वर्ष अध्यक्षको जिम्मेवारी सम्हाल्न पाउँनेछन् ।


## बलेफी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### आशयपत्र सम्बन्धी सूचना

प्रकाशित मिति २०७८/०६/१८

यस गाउँ कार्यपालिकाको कार्यालयले निम्नानुसारको सडक निर्माण कार्यको लागि निर्धारित मिति भित्र दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएकोले मूल्याङ्कन समितिको प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को (२) को उपदफा (१) बमोजिम बोलपत्र स्वीकृतको लागी ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. / कामको विवरण | बोल कबोल रकम पिएस र मु.अ.क. बाहेकको) | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| 1. | BRM/NCB/01/078/079<br>Construction of Jalabire Bankali Hagam road | 24,612,930.25 | Sobarna Nirman sewa Ramche -1<br>Sindhupalchok |
| 2. | BRM/NCB/02/078/079<br>Upgrading of Kothe Binjel Dhuskot road | 13,085,826.76 | Lama Construction and Suppliers<br>Pvt. Ltd<br>Maujubahal Kathmandu |
| 3. | BRM/NCB/03/078/079<br>Upgrading of Khalde Tallagan road | 13,856,197.94 | Lama Construction and Suppliers<br>Pvt. Ltd<br>Maujubahal Kathmandu |
| 4. | BRM/NCB/04/078/079<br>Upgrading of Tallagaun Satdobato road | 14,367,826.16 | Gauri Ganesh Nirman Sewa<br>Mahankal-9 Sindhupalchok |

प्रमुख प्रशासकिय अधिकृत



## Invitation for Bids

**LikhuTamakoshi Rural Municipality**

**Office Of Rural Municipal Executive, Dhobi, Ramechhap**

Invitation for Bids for the Construction of 15 bed Hospital of Likhu Tamakoshi Rural Municipality

**IFB No: LTRM/NCB/WORK/01/078/079**

**Contract Identification No: LTRM/NCB/WORK/01/078/079**

**Date of publication: 04-10-2021 00:00**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of 15 bed Hospital of Likhu Tamakoshi Rural Municipality and intends to apply part of the funds to cover eligible payments under theContract for Construction of 15 bed Hospital of Likhu Tamakoshi Rural Municipality (Contract No: LTRM/NCB/WORK/01/078/079). Bidding is open to all eligible bidders as per Section V of Bidding Document
2. Likhu Tamakoshi Rural Municipality Ramechhap invites electronic bids from eligible bidders for the construction of Construction of 15 bed Hospital of Likhu Tamakoshi Rural Municipality under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Only eligible bidders with the following key qualifications should participate in this bidding:
4. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 124500000Minimum Work experience of similar size and nature: Construction Of one Hospital Building in NRS 13,30,00,000.00 successfully or substantially Completed
5. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
6. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Likhu Tamakoshi Rural Municipality Ramechhap, Bagmati Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
7. If hard-copy is allowed then a complete set of Bidding Documents may be purchased from the office Likhu Tamakoshi Rural Municipality Ramechhap, Bagmati Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate,and upon payment of a non-refundable fee of 10000.0 NRs. till 02-11-2021 17:00 during office hours.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document inthe Project's Rajaswa (revenue) account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of Bank: Nepal Investment Bank Ltd**
   **Nepal of the Office: Likhu Tamakoshi Rural Municipality**
   **Account No: 07001400250016**
8. Pre-bid meeting shall be held at Likhu Tamakoshi Rural Municipality Bagmati Province Nepal at 22/10/2021 11:00 hours.
9. Sealed or electronic bids must be submitted to the office Likhu Tamakoshi Rural Municipality Ramechhap, Bagmati Province, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra. gov.np/egp on or before 02/11/2021 17:00. Bids received after this deadline will be rejected.
10. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 03/11/2021 12:00 hours at the office of Likhu Tamakoshi Rural Municipality Ramechhap Bagmati Province, Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 4642000 which shall be valid for 30 days beyond the validity period of the bid.
11. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.